जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिको २८ औं सम्मेलन (कोप२८) मा

# नेपालका प्राथमिकता र उठाउनु पर्ने विषयहरू

## १. नेपालमा जलवायु परिवर्तनको अवस्था

विश्वव्यापी जलवायु परिवर्तनका कारण नेपाल उच्च जोखिममा रहेता पनि नेपाल राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा जलवायु परिवर्तनलाई सम्बोधन गर्न नेतृत्वदायी भुमिकामा रहेको छ । जलवायु परिवर्तनको असर विशेष गरी हिमाली क्षेत्रमा हिमताल पग्लने र बिस्फोट हुने, पहाडी क्षेत्रमा पहिरो र सुख्खा खडेरी, र तराई मधेशमा बाढी पहिरोहरु देखिन थालेको छ । हिमाल, पहाड, र तराई मधेसमा बसोबास गर्ने गरिब, साना किसान, सीमान्तकृत आदिवासी, महिला, बालबालिका, अशक्त, तथा जेष्ठ नागरिकहरू बढी प्रभावित बनेका छन् ।

जलवायु परिवर्तनले अर्थतन्त्रमा बिशेष योगदान गर्ने बिषयगत क्षेत्रहरु जस्तै कृषि, जलस्रोत, पर्यटन लगायतका क्षेत्रका साथै खाद्यसुरक्षा, स्वास्थ्य, जलआपूर्ति, जीविकोपार्जन र सुरक्षामा व्यापक असर पारेको छ । आर्थिक एवं सामाजिक क्षेत्रमा हुने गिरावट र बढ्दो स्वास्थ्य र खाद्यसुरक्षाको समस्याका कारण भविष्यमा जलवायु सङ्कटासन्नता र जोखिम अझ बढ्ने अनुमान गरिएको छ ।

एक वैज्ञानिक अध्ययन अनुसार हिमाली क्षेत्रको तापक्रम वर्तमान तथा भविष्यमा विश्वको औसत तापक्रमको दाँजोमा ०.३ डिग्री सेल्सियस देखि ०.७ डिग्री सेल्सियस भन्दा बढी हुने अनुमान गरीएको छ । पेरिस सम्झौता अनुसार विश्व समुदायले यस शताव्दीको अन्त्यसम्ममा पृथ्वीको तापक्रम १.५ डिग्री सेल्सियस भन्दा बढ्न नदिन सहमति गरेता पनि सन् २०५० भन्दा पहिले नै हिमाली क्षेत्रको तापक्रम सरदर १.८ डिग्री सेल्सियस भन्दा बढी हुने अनुमान गरिएको छ । उच्च तापक्रम वृद्धिले गर्दा यस क्षेत्रमा रहेका हिमालका दुई तिहाई हिम भण्डारहरू पग्लने अनुमान अध्ययनहरूले गरेका छन्।

परिवर्तित जलवायुका कारण नेपालमा मनसुनी वर्षाको प्रकृति, मात्रा तथा समय तालिकामा व्यापक हेरफेर देखिन थालेको छ र यस प्रकारको हेरफेरका कारण उत्पन्न हुने जलवायुजन्य प्रकोप र बिपद्ले गर्दा नेपाली जनताले वहुपक्षीय चुनौतीहरूको सामना गर्नुपर्ने छ । उच्च तापक्रम वृद्धि, अतिवृष्टी, अनावृष्टी, खण्डवृष्टी, खडेरी, पहिरो र बाढीका असरहरू नेपालमा वर्षेनि बढिरहेका छन् । भविष्यमा हिमालमा हिउँको भण्डारै घट्ने र हिमतालको सङ्ख्या बढ्ने देखिन्छ । पृथक भौगोलिक अवस्था र विभिन्न उचाइमा अवस्थित पारिस्थितिकीय क्षेत्रहरूका

साथै प्राकृतिक श्रोतमा आधारित जीविकोपार्जन, गरिबी, सिमान्तकृत समुदाय, न्यून अनुकूलन तथा उत्थानशील क्षमता आदिका कारण नेपाल सबैभन्दा सङ्कटासन्न र जोखिमयुक्त मुलुकहरूको सूचीमा रहेको छ ।

## २. जलवायु परिवर्तनमा नेपालले लिएको नेतृत्वदायी भुमिका र राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरू

नेपाल जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि (United Nations Framework Convention on Climate Change - UNFCCC) को पक्षराष्ट्र हो । साथै, नेपालले संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिको २१ औं सम्मेलन (कोप २१) मा गरिएको पेरिस सम्झौतालाई अनुमोदन गरेको छ । पक्षधर राष्ट्रहरू (Conference of Parties - COP) का वार्ता प्रक्रियाहरूमा नेपालले सक्रियताका साथ भाग लिँदै आएको छ । त्यसरी नै नेपाल सरकारले विभिन्न मञ्चहरू मार्फत् जलवायु परिवर्तनका चुनौती र अवसरहरूका बारेमा विश्वसमुदायसँग निरन्तर संवाद गरिरहेको छ ।

जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिको प्रावधान अनुरूप नेपालले जलवायु उत्थानशीलता अभिवृद्धि गर्न उपयुक्त नीतिगत, कानूनी तथा संस्थागत संरचना एवं वित्तीय व्यवस्था र कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन गरेको छ । हालसालै राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७, स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय खाका, २०७६, जलवायु उत्थानशील योजना तथा बजेट तर्जुमा निर्देशिका, २०७७ र जलवायु परिवर्तन सम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना, २०७७—२०८७ तर्जुमा गरी लागु गरेको छ । साथै पेरिस सम्झौता बमोजिम दोस्रो राष्ट्रिय निर्धारित योगदान (NDC) र राष्ट्रिय अनुकूलन योजना (NAP) पेश गरेको छ । यसैगरी नेपालले २०७८ मा तेस्रो राष्ट्रिय संचार प्रतिवेदन, राष्ट्रिय जलवायु सङकटासन्नता तथा जोखिम मूल्याङ्कन प्रतिवेदन, दीर्घकालीन न्यून उत्सर्जन विकास रणनीति र २०८० मा राष्ट्रिय रूपमा निर्धारित योगदानको कार्यान्वयन योजना स्वीकृत गरी लागु गरिरहेको छ ।

नेपालले राष्ट्रिय जलवायु परिवर्तन नीति तथा योजनाहरूको कार्यान्वयनमा विकास साझेदारहरू लगायत सबै सरोकारवालाहरूको सहभागिता महत्वपूर्ण हुने विषयलाई आत्मसात गर्दै राष्ट्रिय स्तरमा जलवायु परिवर्तन व्यवस्थापन गर्ने दिशामा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ । हाम्रा सम्माननीय प्रधानमन्त्रीले कोप २६ मा सन् २०३० सम्ममा ४५ प्रतिशत वन क्षेत्र कायम गर्ने, जलवायु जोखिमबाट देश र जनतालाई सुरक्षित

राख्ने र सन् २०४५ मा कार्बन उत्सर्जनलाई शून्यमा झार्ने जस्ता महत्वाकांक्षी योजनाहरू प्रस्तुत गर्नुभएको थियो । कोप २६ र कोप २७ यता नेपालले अन्तरराष्ट्रिय समुदायसामु हरित विकासतर्फ आफ्ना महत्वाकांक्षी लक्ष्य हासिल गर्न जलवायु वित्तमा सहज एवं पर्याप्त पहुँच तथा सबै राष्ट्रहरूको साथ र सहयोगको अपेक्षा गरेको छ । साथै, संयुक्त राष्ट्र सङ्घको ७८ औ महासभामा नेपाल र अतिकम विकसित मुलुकहरुका तर्फबाट सम्बोधन गर्ने क्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले नेपालले राष्ट्रिय निर्धारित योगदानमा उल्लेखित योजनाहरुको कार्यान्वयनको अवस्था वारे जानकारी गराउनु भएको छ ।

## ३. कोप २८ को पृष्ठभूमि

जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिका पक्ष राष्ट्रहरूको २८ औं सम्मेलन (कोप २८) यही नोवेम्बर ३० देखि डिसेम्बर १२ सम्म संयुक्त अरव इमिरेट्सको दुबईमा हुन गइरहेको छ । त्यस सम्मेलनले निम्न विषयहरूमा छलफल अगाडि बढाउने योजना प्रस्तुत गरेको छ ।

- कार्बन उत्सर्जन घटाउने दायित्व वारे छलफल (Mitigation)
- जलवायु अनुकुलन र राष्ट्रिय अनुकुलन योजना वारे छलफल (Adaptation)
- पेरिस सम्झौताको कार्यान्वयन अवस्था वारे समिक्षा (Global Stocktake)
- जलवायुजन्य हानी र नोक्सानीका साथै कोषको कार्यान्वयन (Loss and Damage)
- जलवायु वित्त सम्वन्धी छलफल (Climate Finance)
- प्रविधि विकास, विस्तार र कार्यान्वयन (Technology Development and Transfer)
- महासन्धी अन्तर्गत रहेको क्षमता विकास (Capacity Building)
- अल्पविकसित राष्ट्रहरूसँग सम्वन्धित विषयहरू (Matters related to LDCs)
- जलवायु परिवर्तन र लैङ्गिक सम्वन्ध (Gender and Climate Change)
- पेरिस सम्झौताको दफा ६ र कार्बन व्यापार (Article 6 of PA, Carbon Trade)
- विभिन्न विषयगत समितिहरूका प्रतिवेदनको प्रस्तुती, साथै कार्यान्वयनका प्रावधानहरूको प्रभाव सम्वन्धी
- प्रशासनिक, वित्तीय र संस्थागत विषयहरू
- जलवायु परिवर्तन र पर्वतीय सवाल

## ४. नेपालले कोप २८ मा उठाउने प्राथमिकताका बिषयहरु

### ४.१. बहुपक्षीय दूरदृष्टियुक्त र अभूतपूर्व योगदानको आवश्यकता (Multilateralism Must Deliver)

हालका समयमा, विश्वव्यापी घटनाहरू जस्तै विश्वका विभिन्न क्षेत्रहरूमा भई रहेका युद्ध, शक्तिशाली राष्ट्रहरू बीचको सम्बन्धमा आइरहने चिसोपना र अल्पकालीन लाभका लागि केही देशहरूको कोइला र खनिज ईन्धन प्रतिको निरन्तर निर्भरताले, जलवायु संकट समाधान गर्न सामूहिक विश्वव्यापी प्रयासमा प्रत्यक्ष रूपमा असर गरिरहेको छ ।

कार्बन उत्सर्जन घटाउने सम्बन्धी कार्यक्रमलाई प्राथमिकताका साथ विस्तार गर्न र निरन्तर पृथ्वीको तापमान बृद्धी भईरहेको सन्दर्भमा विश्व तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित गर्नका लागि सबै पक्षहरूको दूरदृष्टियुक्त र अभूतपूर्व योगदानको आवश्यकता पर्दछ ।

यो समस्या सृजना हुनुमा मुख्यतया कार्बन उत्सर्जन गर्ने मुलुकहरुको उदासिनता र बिशेष गरी बिकसित मुलुकहरूले स्रोत उपलब्ध गराउन गरेको ढिलाइ र आनाकानी जिम्मेवार देखिन्छ । ऐतिहासिक रुपमा अधिक कार्बन उत्सर्जन गर्ने बढी जिम्मेवार बिकसित राष्ट्रहरु र हालको समयमा विश्व उत्सर्जनको ८०% भन्दा बढी कार्वन उत्सर्जन गर्न जिम्मेवार जी २० राष्ट्रहरुले जिम्मेवार भई उच्च प्राथमिकतामा राखेर कार्वन उत्सर्जन घटाउनु आवश्यक छ । जलवायु परिवर्तनबाट सृजित जोखिमहरू र यसले बिकासका प्राथमिकताहरुमा पारिरहेको असरहरूबाट विकासोन्मुख देशहरूले सामना गरिरहेको पूँजीको उच्च लागत र ऋणसङ्कटको स्तरलाई झनै बिगार्दै छ ।

यसै सन्दर्भमा, जलवायु परिवर्तनको समस्या समाधान गर्न कोप २८ को निर्णायक भुमिका हुने देखिन्छ । बारम्बार विश्वको औसत तापमान वृद्धिको नयाँ रेकर्डहरु कायम भईरहेको अवस्था साथै विश्वको बिभिन्न क्षेत्रमा भईरहेको बाढी, पहिरो, आगलागी, खडेरी जस्ता जलवायुजन्य प्रकोपहरुमा निरन्तर वृद्धि भईरहेको छ । हालै प्रकाशित संयुक्त राष्ट्रसंघको ग्लोबल स्टकटेक प्रतिवेदनले ऐतिहासिक पेरिस सम्झौताका लक्ष्यहरू पूरा गर्न अझ धेरै गर्नुपर्ने देखाउँछ । कोप २८ ले जलवायु सङ्कट समधान गर्न विश्वलाई थप दिगो बाटोमा राख्ने महत्वपूर्ण अवसर प्रस्तुत गर्दछ ।

तसर्थ, संयुक्त राष्ट्रसघंका महासचिवको हालैको नेपाल भ्रमण, साथै जलवायु सङ्कट र प्रभावका दृष्टिकोणले संबेदनशील रहेको र जलवायु परिवर्तनलाई सम्बोधन गर्न भएका नेतृत्वदायी प्रयासहरुको सन्दर्भमा, नेपालले विश्वका प्रमुख कार्बन उत्सर्जनकर्ताहरूलाई तुरुन्तै उत्सर्जन घटाउन, विकसित राष्ट्रहरुलाई जलवायु वित्त उपलब्ध गराउन स्मरण गराउनु र क्षति र नोक्सानीको विषय संबोधन गर्न सबैमा आव्हान गर्ने बहुपक्षिय समाधानमा जोड दिनेछ ।

### ४.२ जलवायु अनुकूलनमा थप प्रतिबद्धता र कार्यान्वयनमा जोड (Climate Change Adaptation)

कार्बन उत्सर्जन घटाउने अभियानलाई तिब्रता दिदै, यदि विश्वव्यापी औसत तापक्रम बृद्धीलाई १.५ डिग्री सेल्सियसमा रोक्न नसके, बढ्दो जलवायुजन्य प्रकोप, खाद्य सुरक्षा र पानीको उपलब्धतामा कमि आउनुका साथै नेपाल लगायतका बिकासोन्मुख देशहरुमा जलवायु-उत्थानशील विकासको सम्भावनाहरूमा गम्भीर रूपमा असर पर्नेछ ।

आईपिसिसि (IPCC) को छैटौं प्रतिवेदनले नेपाल जस्तो विकासोन्मूख देशहरूमा अनुकूलनको अन्तर धेरै भएको र अहिलेको जस्तो सुस्त कार्यान्वयनका कारण यो झन् गहिरिएर जाने, साथै सीमित जलवायु वित्तको प्रवाहले अनुकूलनको आवश्यकतालाई अवमूल्यन गर्ने र अनुकूलनको प्रभावलाई न्यून राख्ने तथ्य पेश गरेको छ ।

सन् २०३० सम्म अनुकूलनका प्राथमिकता कार्यान्वयन गर्न नेपाललाई २१ विलियन अमेरिकी डलर आवश्यक पर्दछ । स्थापित अनुकूलन सम्बन्धी कोषहरुमा नेपालको सहज पहूँचका लागि थप कार्यहरु गर्न आवश्यक छ । नेपाल जस्तै अति कम विकसित देशहरू र साना टापु विकासशील देशहरूले हरित जलवायु कोष र अन्य कोषहरूमा विशेष गरी आवेदन प्रक्रियाहरूको सरलीकरण र क्षमता अवरोधहरू हटाउन र जलवायु कोषमा प्रत्यक्ष पहूँच सुधार गर्न सशक्तरूपमा बहस तथा पैरवी गर्न आवश्यक छ । अनुकूलनका लागि आवश्यकतामा आधारित रकम विनियोजन, प्रकृयागत सरलीकरण, वित्त र प्रविधिमा प्रत्यक्ष पहूँच हुन आवश्यक छ ।

- कोप २६ मा भएको सहमति अनुसार अनुकूलनका लागि सन् २०१९ मा पुरा गरेको वित्तीय दायित्वको तुलनामा सन् २०२५ मा दायित्व दोब्बर हुने घोषणालाई शिघ्र कार्यान्वयन गर्नुका साथै त्यसलाई अनुदानका रूपमा प्रवाह गर्न विकसित देशहरू जिम्मेवार हुन आवश्यक छ ।

- विकासोन्मुख देशहरु साथै अति कम विकसित राष्ट्रहरूको राष्ट्रिय अनुकूलन योजना (NAP) कार्यान्वयनको सुनिश्चितता आवश्यक छ । स्थानीय स्तरमा ८०% जलवायु वित्त प्रवाहमा हासिल गरेको सफलतालाई विश्वसामु प्रस्तुत गरी स्थानीय तहको सहभागितामा अनुकूलन सम्बन्धी योजना कार्यान्वयनको सुनिश्चितता गर्न वित्तीय व्यवस्था आवश्यक छ ।
- पेरिस सम्झौतामा भएको अनुकुलन सम्बन्धी प्रावधानको कार्यान्वयनका लागि कोप २८ मा विश्वव्यापी अनुकूलन लक्ष्य (Global Goal on Adaptation - GGA) मा सहमति हुन आवश्यक छ । अनुकुलनको लक्ष्यको स्पष्टताका लागि अपेक्षित उपलव्धीहरू (Targets), विषयगत क्षेत्र (Themes), सूचकहरू (Indictors) र त्यसको कार्यान्वयनको संरचनामा ठोस सहमती हुन जरुरी छ । कार्यन्वयनको संरचना बिनाको विश्वव्यापी अनुकूलन लक्ष्यले अनुकूलनको बढ्दो महत्वकांक्षालाई सम्वोधन गर्न सक्दैन । कोप २७ मा सहमति भएको GGA अन्तर्गतको विषयगत क्षेत्र मध्ये "हिमाल" Mountain पनि रहेकोले नेपालका लागि हिमालको लक्ष्य निर्धारण गर्नु अत्यन्त महत्वपूर्ण रहनेछ ।

**कृषि र खाद्यसुरक्षाः** शार्म एल शेखमा सन् २०२२ मा भएको कोप २७ को निर्णय अनुसार नेपालले अल्प विकसित राष्ट्रहरूको प्रस्तावको समर्थन गर्दै कृषि र खाद्य सुरक्षा सम्वन्धी शार्म एल शेख संयुक्त जलवायु कार्यको कार्यान्वयनमा प्रकृतिमा आधारित कृषिक्षेत्र, मत्स्यपालन, जलीय कृषि र अर्थतन्त्र, कृषि, पर्यावरण, जलवायुमैत्री कृषि र अरू एकीकृत पद्धति र जलवायु परिवर्तनका सन्दर्भमा पोषण लगायतका विषय समेटनु पर्नेछ । साथै कृषि र खाद्यसुरक्षा सम्वन्धी शार्म एल सेख संयुक्त जलवायु कार्यको कार्यान्वयनमा निम्न उद्देश्यहरू समावेश गर्न पहल गर्नेछौं ।

- कृषि र खाद्य सुरक्षा सम्वन्धी समस्याहरूको समाधानमा समग्र दृष्टिकोणको प्रवर्धन गर्ने जसले स्थानीय, राष्ट्रिय र क्षेत्रीय परिवेशलाई मध्यनजर गर्दै अनुकूलन, अनुकूलन सहलाभ, न्यूनीकरण मार्फत् सङ्कटासन्न समुहका साथै महिला, आदिवासी जनजाती र साना किसानहरूको हितमा कार्य गर्दछ ।
- कृषि र खाद्य सुरक्षा सम्बन्धी समस्याहरूको समाधानमा अन्तराष्ट्रिय, क्षेत्रीय, राष्ट्रिय, स्थानीय निकाय र अन्य सरोकारवालाबीच सहकार्य र समन्वयलाई बढाउने ।
- कृषि र खाद्य सुरक्षासँग सम्बन्धित मुद्दाहरूलाई सम्बोधन गर्न वैज्ञानिक, प्राविधिक र अन्य जानकारी (स्थानीय र स्वदेशी अनुभवसहित ज्ञान), अनुभव, नवीनता र उत्तम अभ्यासहरूलाई प्रवर्धन गर्ने ।

- जलवायु परिवर्तनसँग सम्बन्धित राष्ट्रिय नीति, योजना र रणनीतिहरूको विकास र कार्यान्वयनका बारेमा जानकारी र ज्ञान आदान प्रदान गर्दै देशका विशिष्ट आवश्यकताहरू र समन्वयलाई पहिचान गर्ने ।

## ४.३ न्यूनीकरण (Climate Change Mitigation)

अत्यधिक हरितगृह ग्याँस उत्सर्जनमा जिम्मेवार रहेको कोइलाको प्रयोग घटाउने विषय पहिलो पटक ग्लास्गो क्लाइमेट प्याक्टमा समावेश गरिएको थियो । कोप २६ र कोप २७ ले तापक्रम वृद्धि २०३० भित्रमा १.५ डिग्री सेल्सियसको मार्गमा पुग्ने गरी उत्सर्जन कटौतीका योजना प्रस्तुत गर्नुपर्छ भनी निर्देश गरेको छ । ग्लास्गो र शर्म एल शेख सम्मेलनले यस संवेदनशिल शताब्दीका लागि न्यूनीकरणको महत्वकांक्षा र कार्यान्वयनका लागि कार्यक्रम तर्जुमा गरेको छ । तर हालसम्म बुझाइएका राष्ट्रिय निर्धारित योगदानहरू (NDCs) मा प्रस्तुत प्रतिबद्धताका आधारमा सन् २०५० सम्ममा विश्वको तापक्रम १.५ डिग्रीमा सिमित गर्न सक्ने सम्भावना न्यून रहे पनि असम्भव भने नभएको भनी बैज्ञानिक प्रतिवेदनहरुमा उल्लेख गरिएको छ ।

आईपीसीसीको छैटौं प्रतिवेदनको निष्कर्ष अनुसार विश्वव्यापी हरितगृह ग्याँस उत्सर्जन बढ्दै गएको र विश्व औसत तापक्रम द्रुत गतिमा बढेर १.५ डिग्री सेल्सियस नजिक पुगेको सन्दर्भमा हरितगृह ग्याँसको उत्सर्जनलाई व्यापक कटौती गर्दै त्यसको उच्चतम विन्दु (Global emission peaking) २०२५ अगावै पुऱ्याउने, २०३० सम्ममा २०१९ को तुलनामा आधाभन्दा बढी उत्सर्जनलाई कटौती गर्ने र २०५० सम्ममा शून्य कार्वन उत्सर्जन हासिल गर्न आवश्यक छ ।

हालको अवस्थामा विश्वव्यापी जलवायु प्रदूषणको ८०% भन्दा बढी कार्वन उत्सर्जन गर्ने धनी देशहरू (जी २०) ले कार्वन न्यूनीकरणलाई उच्च प्राथमिकतामा राखेर कार्बन उत्सर्जन घटाउनु आवाश्यक छ । तर जलवायु परिवर्तनको असरले सृजना गरेको जोखिमलाई मध्यनजर गर्दा पृथ्वीको तापक्रम १.५ डिग्री पुग्ने र अझ बढदै जाने हुदाँ, त्यसले समग्र विश्व अर्थतन्त्रमा पार्न सक्ने वहुआयामिक असरको संबोधन गर्ने सन्दर्भमा जी ७ र जी २० को भुमिका अत्यन्त्य महत्वपूर्ण हुन जान्छ ।

साथै नेपाल जस्ता राष्ट्रहरूलाई कार्बन उत्सर्जन घटाउदा पनि फाईदा हुने क्षेत्रहरु जस्तैः विद्युतीय सवारी साधन, विद्युतीय खाना पकाउने चुलो, वन संरक्षण जस्ता क्षेत्रहरुमा सहयोग परिचालन गर्न जोड दिनुपर्ने देखिन्छ ।

यसका लागि स्रोतहरूको व्यवस्थापनका साथै ऋणले पारेको थप बोझलाई कम गर्नतर्फ विकसित राष्ट्रहरूको ध्यान केन्द्रित हुन जरुरी छ ।

- हरित गृह ग्याँस उत्सर्जनलाई व्यापक कटौती गर्नका लागि तत्काल उत्सर्जन घटाउन र राष्ट्रिय निर्धारित योगदान (NDC) मा उल्लेखित लक्ष्यहरुमा थप सुदृण वनाउदै २०३० सम्ममा ठोस उपलव्धी हुने गरी १.५ डिग्री तापक्रममा सीमित गर्नका लागि उचित कदम चाल्न सम्वद्ध पक्षहरू र बिशेष गरि मुख्य उत्सर्जक देशहरू जिम्मेवार हुन जरुरी छ । कार्बनको उत्सर्जनलाई न्यूनीकरण गर्नुका अतिरिक्त मिथेनको उत्सर्जनलाई समेत कम गर्नु उत्तिकै जरूरी छ ।
- विकसित राष्ट्रहरू र कार्बन उत्सर्जन धेरै गर्ने देशहरुलाई आफ्ना महत्वाकांक्षी NDC र दीर्घकालीन न्यून उत्सर्जन विकास रणनीति (Long term strategies) परिमार्जन गरी पुनः बुझाउन प्रेरित गर्न आवाश्यक छ । शार्म एल शेखमा भएको कोप २७ ले निर्देशन गरे अनुसार न्यूनीकरण कार्यको प्रभावकारी कार्यान्वयनका लागि सहयोगी वातावरण बनाउन राष्ट्रिय निर्धारित योगदानलाई सशर्त र पर्याप्त सहयोगका साथ परिचालन गर्नुपर्ने हुन्छ । यसका लागि हामी सार्वजनिक, निजी र बहुपक्षीय लगानी सुनिश्चित गर्नका लागि आह्वान गर्दछौं ।
- कोप २८ को अध्यक्ष UAE को प्रस्ताव बमोजिम नवीकरणीय ऊर्जा उत्पादन क्षमता तीन गुणा र ऊर्जा दक्षता सुधार energy efficiency दर दोब्बर गर्ने विश्वव्यापी लक्ष्यमा सहमति गर्नुका साथै खनिज ईन्धनमा नयाँ लगानी र अनुदान बन्द गर्ने निर्णय हुन आवश्यक छ ।
- स्रोत र क्षमताको कमीका बाबजुद पनि नेपालले वन संरक्षण, स्वच्छ ऊर्जा उत्पादन र विद्युतीय यातायातको प्रवर्द्धन जस्ता क्षेत्रमा सक्रिय नेतृत्व लिनुका साथै Updated NDC र Long Term Strategy पेस गरिसकेको सन्दर्भमा, यी योजनाहरु कार्यान्वयनका लागि अन्तर्राष्ट्रिय सहयोग आवाश्यक छ ।

**कार्बन ब्यापार र दफा ६**: कार्बन उत्सर्जन घटाउदै कार्बन व्यापारबाट फाईदा लिन पेरिस सम्झौताको दफा ६ को पूर्ण कार्यान्वयन आवश्यक छ । यसका लागि दफा ६.२ को प्रावधान अनुरुप द्विपक्षीय सहकार्यका माध्यम बाट संबद्ध देशहरुसंग सम्झौता गरी थप फाइदा लिने र दफा ६.४ को प्रावाधान अनुरुप बजारमा आधारित कार्बन व्यापार नियमन र कार्यान्यवयनका लागि राष्ट्रिय संरचना तयार गर्नु जरुरि छ । साथै दफा ६.४ मा व्यवस्था भए अनुसारको निरीक्षक निकाय (Article 6.4 Supervisory Body) ले गरिरहेको बाँकी विधि र संरचनाहरूको नियमन गर्ने कार्यमा वातावरणीय अखण्डता (Environmental integrity), शून्य कार्बन लक्ष्य र अनुकूलनका लागि थप सहयोगको सुनिश्चितता जरुरी छ । साथै गैरबजार संयन्त्र (Article 6.8) सम्वन्धी विषयमा

पनि ठोस प्रगतिका लागि पहलकदमी लिन जरुरी छ । दफा ६ का प्रावधानहरूको प्रभावकारी कार्यान्वयनका लागि एकीकृत राष्ट्रिय ढाँचाको निर्माणमा नेपालले सहयोगको अपेक्षा राखेको छ ।

### ४.४ जलवायु वित्त (Climate Finance)

अल्पविकसित राष्ट्रहरूको समुह र अन्य विचार मिल्ने समुहहरूको कोप २८ सम्बन्धी धारणाप्रति नेपालले आफ्नो राष्ट्रिय हितलाई ध्यानमा राखी सहमति जनाउनेछ । जलवायु परिवर्तनका मुद्दाहरू विशेषगरी गरिब र सङ्कटासन्न राष्ट्र, समुदाय र व्यक्तिहरूका चाहना र भरोसालाई सम्वोधन गर्ने विश्वव्यापी पहलहरू महत्वाकांक्षी, निष्पक्ष र समानताको सिद्धान्तमा आधारित हुनुपर्दछ भन्ने नेपालको आवाज रहनेछ । १०० बिलियन अमेरिकी डलरको २०२५ सम्मको वित्तीय दायित्व धनी देशले पुरा गर्ने कुरा नै महत्वपूर्ण विषय भएकाले त्यसको सुनिश्चितताका लागि जोड दिइनेछ ।

- जलवायु वित्तको स्पस्टता: विकासोन्मुख देशहरूको आवश्यकता र विद्यमान विकसित देशहरूद्वारा प्रदान र परिचालन गरिएको जलवायु वित्त वीच गहिरो अन्तर रहेकोमा हामी गंभीर चिन्ता व्यक्त गर्दै जलवायु वित्तको परिभाषामा सहमत हुनलाई सबै पक्षहरूलाई आव्हान गर्दछौं ।
- जलवायु वित्तको अन्तर्राष्ट्रिय रूपमा सहमत परिभाषा तत्काल रूपमा चाहिएको छ । यसले विकसित देशहरूले प्रदान गर्ने जलवायु वित्तको पारदर्शिता र प्रतिवद्धतालाई थप मजवुत गर्नेछ । जलवायु वित्त सम्वन्धी पाचौं अर्धवार्षिक प्रतिवेदन २०२२ अनुसार अनुकूलनको तुलनामा न्यूनीकरणमा भएको व्यापक वित्त परिचालन प्रति हाम्रो गंभिर ध्यानाकर्षण हुन जरुरी छ ।
- विद्यमान वित्त संरचनाहरूका झन्झटिला प्रक्रिया, ढिलासुस्ती, विविध कागजी आवस्यकताहरूले अनुकूलन कोषको पहूँचमा बाधा अड्चन ल्याएको मात्र नभई, समयमा नै अनुकूलनमा लगानी गर्न नसक्दा भएको ढिलाइले थप सङ्कटासन्नता र जोखिम समेत निम्त्याएको छ । तसर्थ विश्व वातावरण कोष (GEF), अल्पविकसित राष्ट्रहरूको कोष (LDCF), हरित जलवायु कोष (Green Climate Fund) र अनुकूलन कोष (Adaptation Fund) मा विकसित राष्ट्रहरूको योगदानको सुनिश्चितता आवायक छ ।
- जलवायु परिवर्तनको असर सामना गर्ने कार्यमा महत्वपूर्ण र अर्थपूर्ण रहेको राष्ट्रिय अनुकूलन योजनाको कार्यान्वयनका लागि आवश्यक वित्त र सन् २०२५ सम्ममा अनुकूलन कोषलाई दोब्बर गर्ने प्रतिबद्धता अनुरूप वित्त परिचालन गर्न आवाश्यक छ । साथै जलवायु वित्तको पहूँचमा भोगिरहेको समस्याको

प्रकृयागत जटिलता, कोषको बाँडफाँडमा देखिएको असमानता र अन्य कठिनाईका बारेमा सम्बन्धित निकायहरूसँग छलफल हुन जरुरी छ ।

- जलवायु सङ्कटले गर्दा हाम्रो जस्तो विकासोन्मुख देशको ऋण सङ्कट चुलिँदो छ । यसले राजस्व र विनिमय दरलाई निरुत्साहित गर्ने, पूँजीको लागत बढाउने र जलवायु सङ्कटासन्नतालाई बढाउँदै लैजाने काम गरेको छ । बहुपक्षीय विकास बैंकहरू (MDBs) र बहुपक्षीय वित्तीय संस्थाहरूले सन् २०२५ सम्ममा अनुकूलनका लागि अन्तर्राष्ट्रिय वित्त कम्तिमा पनि दोब्बर प्रदान गर्न र ऋणलाई धटाएर बन्द गर्न आवश्यक छ।
- नयाँ साझा परिमाणित जलवायु वित्त लक्ष्य (New Collective Quantified Goal on Climate Finance) सम्बन्त्री छलफलमा आईपिसिसिको छैटौं प्रतिवेदन, बैज्ञानिक तथ्यहरु, विकासोन्मुख देशहरूको जलवायु वित्तको आवश्यकता अनुसार र हालको १०० विलियन प्रतिवर्ष वित्त परिचालनको अनुभवलाई मध्यनजर गरी, नयाँ मात्रात्मक र गुणात्मक जलवायु वित्त लक्ष्यमा सहमती हुन आवस्यक छ ।
- पेरिस सम्झौता अनुसार पृथ्वीको तापक्रम १.५ डिग्रीमा सीमित गर्न, विश्व अर्थतन्त्रलाई चलायमान र सुदृढ बनाउन, अनुकूलन क्षमता बढाउन, जलवायु उत्थानशिलता हासिल गर्न र उर्जा प्रणालीमा सुधार गर्न नयाँ परिमाणित जलवायु वित्त लक्ष्यहरूका लागि हानी र नोक्सानीको विषय समावेश हुन आवश्यक छ । यसका साथै जलवायु वित्तका गुणात्मक पक्षहरू विशेषगरी त्यसमा पहुँच र त्यसको प्रभावकारिता, गुणस्तर, विकासोन्मुख देशहरूको जलवायु वित्तको आवश्यकता, अनुकूलन, न्यूनीकरण र हानी तथा नोक्सानीको सन्दर्भ र विषय महत्वपूर्ण भएकाले तिनलाई समावेश गर्न जरुरी छ । कोप २८ मा विकसित राष्ट्रहरूले पेरिस सम्झौता अनुसार कति रकम प्रदान गरेका छन् वा परिचालन गरेका छन् सोबारेमा स्पष्ट रूपमा जानकारी गराउनु पर्दछ ।
- पेरिस सम्झौताको दफा ९.३ अनुसार जलवायु परिवर्तनका मुख्य जिम्मेवार विकसित राष्ट्रहरूले नयाँ वन्ने जलवायु वित्तको लक्ष्य अनुसार वित्तको व्यवस्था र पूर्णताका लागि नेतृत्व प्रदान गर्नुपर्दछ भन्ने हाम्रो माग छ । स्रोतका सन्दर्भमा जलवायु वित्त प्रबाहमा सार्वजनिक स्रोत र निजी स्रोतबीचको अन्तर र नयाँ वन्ने जलवायु वित्तको लक्ष्यको कार्यान्वयनमा यी स्रोतहरूको भूमिका प्रष्ट हुन जरुरी छ ।
- नेपाल लगायत अल्प विकसित राष्ट्रहरूको माग अनुसार जलवायु वित्त पहुँचमा वित्तीय स्रोत सरल, छिटो, छरितो, अनुदान केन्द्रित, थप ऋणको भार नपर्ने र विशेषगरी हानी तथा नोक्सानीका लागि केन्द्रित हुन जरुरी छ । नयाँ जलवायु वित्त लक्ष्यमा सहमती गर्दा वित्तीय स्रोत साधन नयाँ सृजनशील साधनहरू

जस्तै ऋणभार हस्तान्तरण, वातावरण सेवाको भुक्तानी, मिश्रित वित्त, अन्त शुल्क र कर नीतिगत विश्वसनीयतामा आधारित हुनुपर्दछ ।

- कोप २८ लाई विश्वव्यापी वातावरण सुविधा, हरित जलवायु कोष सहित सबै बहुपक्षीय संस्थाहरूका हानी तथा नोक्सानीलाई एक मुख्य प्राथमिकताको रूपमा पूर्ण रूपमा एकीकृत गर्न छुटै नयाँ कार्यक्रम र वित्त कार्यक्रम ल्याउन र New Collective Quantified Goal on Climate Finance मा हानी तथा नोक्सानीलाई पनि समेटेर जान आवश्यक छ ।

### ४.५ हानी तथा नोक्सानी (Loss and Damage)

कोप २८ मा हानी नोक्सानी सम्बन्धी प्रगतिको विषय पेचिलो हुनेछ । यूएईको अबुधाबीमा हालै अक्टोवरमा भएको संक्रमणकालीन समितिको बैठकले हानी नोक्सानी सम्बन्धी कोष परिचालनमा भएको सहमतिको अनुमोदन कोप २८ ले गर्नुपर्ने हुन्छ । यस सहमतिले कोप २८ को पूर्वसन्ध्यामा सकारात्मक सन्देश दिनुका साथै, गति निर्माण गर्नेछ र अग्रपंक्तिमा रहेका समुदायहरूलाई तत्काल सहयोग प्रदान गर्नेछ । साथै कोप २८ मा अनुमोदन हुने हानी नोक्सानीका लागि स्थापना गरिएको वित्तलाई प्रभावकारी बनाउन भरपर्दो र पर्याप्त रूपमा वित्त सहयोग गर्न अनुरोध गर्दछौं । हानी नोक्सानीको वित्त व्यवस्थापन गर्ने निकायका सम्वन्धमा यसको दूरगामी महत्वलाई मध्यनजर गरी उपयुक्त निर्णय लिनुपर्दछ ।

IPCC AR6 SYR प्रतिवेदन र निस्कर्ष अनुसार केही जलवायु प्रभाव र असरहरू यति गम्भीर छन् कि तिनीहरूलाई अनुकूलन गर्न सकिँदैन र तिनले हानी र नोक्सानी निम्त्याउछन् । तिव्र रूपमा भइरहेको जलवायु परिवर्तनमा सबैभन्दा कम जिम्मेवार स्थानीय र सङ्कटासन्न समुदायहरू बढी रूपमा प्रभावित छन् । तर प्रभावकारी अनुकूलनले पनि सबै हानी र नोक्सानीलाई रोक्न सक्दैन भन्ने निस्कर्ष प्रतिवेदनको रहेको सन्दर्भमा हानी तथा नोक्सानी कोप २८ मा कार्यान्वयनमा आउने यो पेरिस सम्झौताको कार्यान्वयनको लागि सहयोगी हुने र महासन्धिको वित्तीय संयन्त्रको एक परिचालन संस्थाको रूपमा कार्यरत रहदै यो कोषले नेपाल जस्ता सङ्कटासन्न विकासोन्मुख देशहरूमा जलवायु परिवर्तन र विशेषगरी जलवायुजन्य अतिसय मौसमी र ढिलो सुरु हुने विपद्का घटनाबाट हुने आर्थिक र गैरआर्थिक हानी नोक्सानीलाई सम्वोधन गर्ने अपेक्षा राखिएको छ । आन्तरिक क्षमता र तथ्याङ्कको अभाव देखाई कसैलाई पनि कोषको पहुँचबाट वन्चित नगराइयोस् भनी हामी आग्रह गर्दछौं । साथै यो वित्त अनुदान स्वरूप प्रदान गरी थप ऋणको भार नहुने व्यवस्थाका लागि समेत माग गर्दछौं ।

अल्पविकसित देशहरूका लागि हानी नोक्सानी वित्त सरल र समन्यायिक पहुँचको आधारमा परिचालन होस् भन्ने कुरा स्थापित गर्न आवश्यक छ र त्यसका लागि पहल गरिने छ । साथै, सान्टियागो संयन्त्रको सचिवालय छनौट र यसका सर्तहरू सम्वन्धमा हुने छलफल र निर्णयमा विकसित देशहरूको आवश्यकता र सचिवालय संचालक संस्थाको उद्देश्यसँग पृथक हुन जरुरी छ । गत महिना अबुधाबीमा भएको Transitional Committee को बैठकले गरेको सहमति अनुरुप हानी नोक्सानी कोष परिचालन हुन आवश्यक छ ।

## ४.६ पेरिस सम्झौताको विश्वव्यापी प्रगति समीक्षा (Global Stocktake)

पेरिस सम्झौताको पहिलो समिक्षा साथै भावी योजना वारेको छलफलले कोप २८ को महत्व धेरै रहेको छ । यस सम्मेलनमा पेरिस सम्झौताका विश्वव्यापी प्रगति समीक्षा (Global Stocktake) को पहिलो उपलव्धीमा पेरिस सम्झौताका लक्ष्यहरूतर्फ देशहरूको प्रगति मुख्यत १.५ डिग्रिको महत्वाकांक्षी लक्ष्यलाई अगाडि बढाउने सम्वन्धमा प्रगति, वित्त विस्तारको कार्यान्वयन सम्वन्धी प्रगति र जलवायु अनुकूलन कार्यको कार्यान्वयन सम्वन्धी प्रगतिको सुनिश्चितता हुन आवाश्यक छ । साथै, हानी नोक्सानीको मुद्दा विश्वव्यापी प्रगति समीक्षामा कतै औपचारिक रूपमा संलग्न नभएको सन्दर्भमा त्यसको प्रगति लक्ष्यमा समेट्न आवश्यक छ ।

- Global Stocktake को सहमतिमा अनुकूलन सम्बन्धी Global Goal on Adaptation र जलवायु बित्त सम्बन्धी New Collective Quantified Goal on Climate Finance को प्रकृया सगं सहकार्य स्थापित हुन जरुरी छ ।
- पेरिस सम्झौताका पक्ष राष्ट्रहरूलाई २०२५ मा तयार गर्ने राष्ट्रिय निर्धारित योगदान (NDC) मा विश्वव्यापी प्रगति समीक्षाले निर्देशित गरेअनुरूप विश्वको तापक्रम १.५ डिग्रिमा सीमित गर्ने लक्ष्य र त्यसले दिएका सुझावहरूलाई समेटेर प्रष्ट रूपमा अनुगमन र जवाफदेहिताको खाका र लक्ष्य सुनिश्चित गर्नु आवश्यक छ । यसका साथै, संयुक्त राष्ट्र सङ्घका महासचिवले २०२५ मा आयोजना गर्ने वैठकमा पक्ष राष्ट्रहरूले राष्ट्रिय निर्धारित योगदान १.५ डिग्रीको लक्ष्य हासिल गर्ने लक्ष्य अनुरुप भएको पुष्टी गर्न आह्वान गर्नछौ ।
- पेरिस सम्झौता पूर्ण रुपमा कार्यान्वयनका लागि, ग्लोबल स्टकटेक वाट प्राप्त मार्गचित्र र योजनाहरुको कार्यान्वयन र निरन्तर अनुगमनका लागि कोप २८ वाट स्पष्ट योजना आउन महत्त्वपूर्ण हुनेछ । साथै

ग्लोबल स्टकटेकको प्रकृयामा सरोकारवालाहरूको सहभागिता र स्वामित्वका लागि अझ प्रभावकारी ढङ्गले अगाडि बढ्न आवश्यक छ ।

### ४.७ उन्नत र पारदर्शी ढाँचा (Enhanced Transparency Framework)

नेपाल जस्ता अल्पविकसित देशहरूले सफलतापूर्वक उन्नत पारदर्शी ढाँचाको प्रयोग गर्न आन्तरिक रूपमा सक्षम र राष्ट्रिय व्यवस्थाको क्षमता र सुदृढीकरण गर्न विकसित देशहरूबाट सहयोग प्राप्त गर्नु महत्वपूर्ण हुन्छ किनभने नेपालले उन्नत पारदर्शी ढाँचा अनुरूप पूर्ण रूपले प्रतिवेदन प्रस्तुत गर्नमा केही प्राविधिक र क्षमतागत कठिनाइहरू छन् । ती कठिनाईहरूमध्ये वित्तीय स्रोतको दिगो प्रवाह, उन्नत पारदर्शी ढाँचाका प्रावधानहरूका बारेमा कम जानकारी, सरकारी कार्यालयहरूमा कर्मचारीको कमी, संस्थागत संरचनाको अभाव, संस्थागत समन्वयमा कमी, प्राविधिक स्रोत र दक्षताको कमी, तथ्याङ्क र तथ्यको अभाव, जलवायु मोडलिङ र विश्लेषण सम्वन्धी दक्षताको कमी, अनुकूलन प्रमाणीकरण विधिहरूमा अपर्याप्त ज्ञान र न्यूनीकरण र अनुकूलन कार्यहरू मापन र रिपोर्टिङका लागि कठिनाईहरू प्रमुख हुन् ।

नेपालले संस्थागत र प्राविधिक क्षमता निर्माणका लागि प्राप्त हुने सहयोगको पर्याप्तता र विश्वसनीयतालाई विशेष जोड दिन चाहन्छ । यसबाहेक रिपोर्टिङका लागि र सफल वित्तीय र प्राविधिक सहयोग र हालका चुनौतीहरू पार गर्ने क्षमता निर्माणका लागि राष्ट्रद्वारा स्वयं सञ्चालन, दूरदर्शी, समन्वयात्मक, पहुँच योग्य र लचकताका सिद्धान्तहरूका लागि निर्देशित हुन आवश्यक छ ।

### ४.८ पर्वतीय राष्ट्रहरूका समस्याको पहिचान र संबोधन

हिमालयले एसिया महादेशमा पानी वितरणमा अभिन्न भूमिका खेलेको छ र एसियाको "Water Towers" को रूपमा परिचित भई १.६ अर्ब जनसंख्यालाई पानी उपलब्ध गराएको छ । तथापि, हिमाली क्षेत्र जलवायु परिवर्तनका कारण प्रत्यक्ष रूपमा प्रभावित छ । चरम पानीको अभाव र जलवायु जनित विपद्का कारण हिमाली क्षेत्रमा वसोवास गर्ने समुदायहरूले ठूलो हानी नोक्सानी व्यहोरिरहेका छन् । जलवायु परिवर्तन, जैविक विविधतामा आएको ह्रास तथा प्रदूषणले पर्वतीय क्षेत्रमा थप चुनौती सिर्जना गरेका छन् । यी चुनौतीले यस क्षेत्रलाई थप भोकमरी, गरिबी तथा प्रकोपको चपेटामा धकेल्न सक्ने देखिएको छ । हिमाल र योसँगै जोडिएका क्षेत्रको पृथक पहिचान, सङ्कटासन्नता तथा जोखिम र यहाँको अनुकूलन वृद्धिका उपायबारेका एजेण्डा जलवायु सम्मेलन र बहसहरूमा समावेश हुन जरुरी छ । तर निरन्तरको प्रयासका बावजुद हिमाली क्षेत्रको छुट्टै पहिचान र समस्या छलफल र सहमतीका बूँदाहरू र प्रतिवेदन र दस्तावेजहरूमा उचित रूपले उल्लेख हुन सकिरहेको छैन ।

कोप २६ मा नेपाल लगायतका पर्वतीय देशहरूको पैरवीका कारण हिममण्डल (Cryosophere) को विषय ग्लास्गो सम्झौतामा समावेश भएको छ । कोप २७ मा नेपालले पर्वतीय मुद्दामा विशेष आवाज उठाएको थियो । हामीले विश्वका उस्तै समस्या भएका पर्वतीय मुलुकहरूसँग सहकार्य रणनीति बनाउन पनि आवश्यक छ र यसको शुरुवात कोप २८ मा गरिनेछ ।

जलवायु परिवर्तन र पर्वतीय मुद्दा, पर्वतीय अर्थतन्त्र, जैविक विविधता र पारिस्थितिकीय प्रणाली, पर्वतीय संस्कृति, जलवायुजन्य विपद र हानी नोक्सानीका विषयमा विभिन्न पर्वतीय क्षेत्रलाई लक्षित गरेर मुस्ताङ्ग घोषणा बमोजिम विशेष योजना र कार्यक्रम कार्यान्वयन गर्न र त्यसका लागि निजी क्षेत्र सहित सबै खाले लगानी आकर्षित गर्न आवश्यक भएकोले यसतर्फ हामीले कोप २८ मा नेतृत्व लिई विभिन्न सरोकारवालासँग छलफल र सहकार्य गर्न आवश्यक छ ।

यो वर्ष कोप २८ को प्रारम्भिक कार्यसूचिमा पर्वतीय पारिस्थिकीय प्रणाली र समुदायको उत्थानशिलता समावेश भएको विषयलाई स्वागत गर्दै यसलाई अझ प्रमुख कार्यसूचिमा समावेश गर्न उस्तै समस्या भएका पर्वतीय मुलुकहरूसँग सहकार्य रणनीति बनाउन आवश्यक छ र यसका लागि आवश्यक तयारी गर्न जरुरी छ ।

- दिगो पर्वतीय विकासका लागि स्थानीय, राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी स्तरमा आदिवासी जनजाति, स्थानीय समुदाय, महिला, युवा र बालबालिकाहरूमा विशेष ध्यान दिई पर्वतीय समुदाय र देशहरूको सामुहिक कार्यहरू आवश्यक पर्दछ ।
- जलविद्युत उत्पादन, प्रकृतिमा आधारित पर्यटन, कृषि, वन र स्वास्थ्य तथा सरसफाइ जस्ता सामाजिक, सांस्कृतिक, जलविज्ञान र आर्थिक विकासका गतिविधिमा हिमाली पारिस्थितिकीय प्रणाली र हिमभण्डारको भूमिकालाई सुदृढ गर्न तत्काल आवश्यक छ ।
- साथै GGA का बिषयगत क्षेत्रहरुमा पर्वतीय बिषय संबद्ध लक्ष्य निर्धाण गर्न र Global Stocktake मा पर्वतीय बिषय समेट्न आवश्यक छ ।

### ४.९ लैङ्गिक, स्थानीय समुदाय, आदिवासी, युवाको चासो र सरोकारलाई सम्बोधन गर्ने

महिला, आदिवासी जनजाति, युवा, बालबालिका, तथा जलवायुजन्य जोखिममा रहेका समुदायका अधिकार र उनीहरूका चासोका सम्बन्धमा विगतका सम्झौताहरुले केही सम्बोधन गर्न सकेको विश्लेषण गर्न सकिन्छ । नेपालले लैङ्गिक कार्ययोजना (Gender Action Plan) लाई कार्यान्वयनमा ल्याउन आवश्यक वित्त, प्रविधि हस्तान्तरण र लैङ्गिक सम्पर्क व्यक्तिहरूको क्षमता अभिवृद्धिमा हासिल भएका प्रगतिबारे छलफल गर्ने र स्थानीय र आदिवासीको भूमिकाबारे प्रष्ट रणनीति बनाउनु पर्ने विषयहरू उठान गर्नेछ ।

महिला, आदिवासी जनजाति, युवा, वालवालिका र स्थानीय समुदायका मुद्दाहरूमा ध्यान केन्द्रित गर्न जलवायु कोषहरूमा कसरी यो वर्ग र समुदायका स्थानीय ज्ञान, सिप र प्रविधिलाई प्रोत्साहन गर्न तथा सङ्कटासन्नता र जोखिमलाई सम्वोधन गर्न परिचालन हुन सक्छ भन्ने विषय उठान गर्नेछ । कोप २८ मा विशेष गरी निम्न कुराहरूको अपेक्षा गरिएको छ ।

- संक्रमण निर्देशिकामा लैङ्गिक तथा समाजिक समावेशिताका दूरगामी कार्यक्रमहरू समावेश गर्न जरुरी छ ।
- विश्वव्यापी अनुकूलन लक्ष्य, हानी तथा नोक्सानीको वित्त संरचना, नयाँ साझा परिमाणित जलवायु वित्त लक्ष्य लगायतका विषयहरूमा लैङ्गिक तथा सामाजिक समावेशितालाई मुख्य प्राथमिकतामा राख्ने विषयमा नेपालले पहल गर्नेछ ।

- लैङ्गिक प्रगति समीक्षामा (Gender stocktake) विभिन्न महिलाहरू (women with intersectional lense), युवा, वालवालिका, आदिवासी जनजाति आदि जोखिम र सङ्कटासन्नता हटाउन गरिएका प्रयासहरू, पहिचान भएको वित्त, त्यसमा सहज तथा प्रत्यक्ष पहुंच र त्यसको प्रभावकारिता, प्रविधि हस्तान्तरण र क्षमता विकासका विषयहरू समावेश हुनुपर्दछ भन्ने हाम्रो चासो र सरोकार रहनेछ ।

## ४.१० प्रविधि हस्तान्तरण र क्षमता अभिवृद्धि (Technology Transfer and Capacity Building)

नेपाललाई अनुकूलन र न्यूनीकरणका कार्यहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रविधिहरूको सहज हस्तान्तरण र अति कम विकसित राष्ट्रहरूमा बिद्यमान क्षमताको कमी परिपूर्ति गर्न सहयोग आवश्यक छ, जस्तै हिमतालहरूको समग्र व्यवस्थापन, पूर्व सूचना प्रणालीको आधुनिकीकरण र विस्तार, जलवायु मैत्री कृषि र पशुपालनको विकास, पानी र उर्जाको दिगो प्रयोग आदि । साथै क्षमता अभिवृद्धि, शिपविकास र अनुसन्धानमा पनि सहयोग आवश्यक रहेको बिषय नेपालले कोप २८ मा उठाउने छ ।

नेपालले उर्जा र न्यून कार्वन विकासको सङ्क्रमण र राष्ट्रिय निर्धारित योगदानमा राखेका लक्ष्य र प्रतिवद्धताहरूलाई कार्यान्यिन गर्ने र हरित, समावेशी र न्यूनकार्वन अर्थतन्त्रका अवधारणालाई कार्यान्वयन गर्न अन्तर्राष्ट्रिय रूपमा प्रविधि हस्तारन्तरण सरल, सहज र प्रभाबकारी हुनुपर्छ भन्दै स्वच्छ उर्जाको सङ्क्रमणमा विशेष गरी प्रविधि सहयोगको माग गर्दछ ।

साथै, नेपालले साना किसानहरूलाई उत्कृष्ट प्रविधि हस्तान्तरण र क्षमता निर्माण गर्ने, निर्णय लिने र आकस्मिक योजनाका लागि पूर्वसूचनाको प्रयोग बढाउने, जलवायु परिवर्तनको सन्दर्भमा कृषि र खाद्यसुरक्षाको प्रत्याभूति गर्न र परम्परागत र स्वदेशी ज्ञान र प्रविधिलाई जोड दिन पनि माग गर्दछ ।

UNFCCC र अन्य प्रमुख अन्तर्राष्ट्रिय कार्यक्रमहरू र पहलहरूका प्रतिनिधिहरू मार्फत् क्षमता-निर्माण कार्यक्रमहरू, प्रशिक्षण, फेलोशिप र युवा आवाजहरूलाई सशक्त बनाउन प्रोत्साहन गर्ने कार्यक्रम समावेश गरी लागु गर्न जोड दिन्छौं ।

## ४.११ अन्य विषयहरू

सम्मेलनमा नेपालले आफ्नो वृहत्तर हितलाई ध्यानमा राखी सम्बन्ध विस्तार, आपसी छलफल, द्विपक्षीय र बहुपक्षीय वार्ताहरूका साथै Side Event र Nepal Pavilion मा नेपालले गरेका असल अभ्यासहरूका बारेमा जानकारी गराउनुका साथै निम्न कुराहरूलाई मुख्य रूपमा उजागर गर्नेछ ।

- नेपालले लिएका दूरगामी र महत्वाकांक्षी प्रतिवद्धताहरूलाई कार्यन्वयन गर्नका लागि वित्तीय र प्राविधिक सहयोग जुटाउन दातृ निकाय, निजी क्षेत्र र अन्य सरोकारवालाहरूसँग द्विपक्षीय र बहुपक्षीय वार्ताहरू गर्ने ।
- जलवायु वित्त व्यवस्थापन गर्ने निकायहरूसँग नेपालले भोगेका समस्या र नेपालको वित्त आवश्यकताहरू सम्वन्धी प्रष्ट धारणा राख्ने ।
- नेपालले स्थानीय अनुकूलन योजना कार्यान्वयन, पारस्थीतिकीय प्रणालीमा आधारित अनुकूलन, पूर्वसूचना प्रणालीको सफलता, जलवायुमैत्री कृषि र स्वच्छ उर्जा लगानीमा गरेका उपलव्धिहरूलाई उजागर गर्ने ।
- सन २०२४ सम्ममा महासन्धी अन्तर्गतको केन्द्रिकृत कार्वन बजारलाई कार्यान्वयनमा ल्याउने संवन्धमा नेपाल जस्ता अल्पविकसित राष्ट्रहरूको विशेष परिस्थितिलाई मध्यनजर गर्दै पेरिस सम्झौताको दफा ६ अनुसार क्षमता अभिवृद्धिमा जोड दिने ।
- जलवायु महत्वकांक्षा र पक्ष राष्ट्रहरूबीचको विश्वासलाई कायम गर्न, रिपोर्टिङका लागि चाहिने वित्त र प्राविधिक सहयोग र नेपाल जस्ता अल्पविकसित देशहरुको क्षमता अभिवृद्धिको आवश्यकताका लागि परिष्कृत पारदर्शी ढांचाको भूमिकालाई प्राथमिकतामा राखिनु पर्ने विषय उठान गर्ने ।